(ख) **प्रस्ताव तथा निर्णयहरु**

**निर्णय नं. १ :** भारत लगायतका देशहरुमा अलपत्र परेका नगरपालिकाभित्रका नागरिकहरु यस नगरपालिकामा आउने क्रम सुरु भएको र त्यसरी नगरपालिकाभित्र प्रवेश गर्ने व्यक्तिहरुको सङ्ख्या प्राप्त विवरण अनुसार ३०५४ जना रहेकोले ती व्यक्तिहरुलाई प्रवेशस्थलबाटै क्वारेन्टाइनमा कम्तिमा १४ दिन राखि पिसिआर परीक्षण पश्चात् मात्र होम क्वारेन्टाइनमा पठाउने व्यवस्था मिलाउनु पर्ने भएकोले सो सम्बन्धमा देहाय बमोजिम गर्ने तथा गराउने निर्णय गरियो ।

१. देहाय बमोजिमका स्थानहरुमा वडास्तर्रिय क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन गरी सोही वडाका जिल्ला बाहिर तथा भारत लगायतका देशहरुबाट आएका व्यक्तिहरुलाई कम्तिमा १४ दिनसम्म राख्ने व्यवस्था मिलाउने ।

| क्र.स. | क्वारेन्टाइन रहने स्थान | क्वार्न्टाइनको कार्यक्षेत्र | कैफियत |
| --- | --- | --- | --- |
| १. | सरस्वति बोर्डिङ स्कूल | वडा नं. १ | |
| २. | शितल माध्यमिक विद्यालय | वडा नं. २ | |
| ३. | जनज्योति आवि स्यालखोला | वडा नं. ३ | |
| ४. | आवि मन्कोट | वडा नं. ४ | |
| ५. | मावि खहरे | वडा नं. ५ | |
| ६. | जनकल्यान मावि खागल | वडा नं. ६ | |
| ७. | मावि कोटजहारी | वडा नं. ७ | |
| ८. | आवि लयाँटा | वडा नं. ८ | |
| ९. | आवि लेकनार्जि | वडा नं. ९ | |
| १०. | आवि मानाकोट | वडा नं. १० | |
| ११. | जहारी क्याम्पस खोलागाउँ | वडा नं. ११ | |
| १२. | जनकल्यान मावि सानाखोला | वडा नं. १२ | |
| १३. | सरस्वति मावि घरेलीचौर | वडा नं. १३ | |
| १४. | आवि बिचकटिया | वडा नं. १४ | |

२. क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापनको लागि नगरस्तरमा यसअघि नै गठन गरिएको क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन समिति (रामकुमार गौतम संयोजक भई यदु राणा सदस्य, धर्मसिङ बिष्ट सदस्य र डण्डप्रसाद शर्मा सदस्य रहेको समिति) क्रियाशिल हुने र वडास्तरमा प्रत्येक वडामा देहाय बमोजिमको समिति गठन गरी परिचालन गर्ने :-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष -संयोजक

(ख) वडा समिति सदस्यहरुमध्येबाट वडा अध्यक्षले तोकेको वडा सदस्य १ जना -सदस्य

(ग) सम्बन्धित वडामा रहेको स्वास्थ्य संस्था प्रमुख वा प्रतिनिधि -सदस्य

(घ) वडास्तरिय स्वयंसेवक समूह/नगर प्रहरीमध्येबाट १ जना -सदस्य

(ङ) सम्बन्धित वडामा कार्यक्षेत्र भएको प्रहरी चौकीबाट १ जना -सदस्य

(च) क्वारेन्टाइन रहेको विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरुमध्येबाट १ जना -सदस्य

(छ) सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

३. क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोक्ने :

(क) क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक व्यवस्थापकीय कार्यहरु (क्वारेन्टाइनमा बस्ने व्यक्तिहरुको लागि सुत्ने, खाने, सरसफाई, खानेपानी लगायतको व्यवस्थाको लागि आवश्यक व्यवस्थापकीय कार्यहरु) गर्ने तथा गराउने ।

(ख) जिल्ला बाहिरबाट आएका एवम् भारत लगायतका देशहरुबाट आएका व्यक्तिहरुको लागि कम्तिमा प्रवेश स्थलबाटै १४ दिनसम्म क्वारेन्टाइनमा बस्ने व्यवस्था मिलाउने ।

(ग) वडामा कहिँकतैबाट लुकिछिपि आएका व्यक्तिहरुको पहिचान गरी ती व्यक्तिहरुलाई समेत क्वारेन्टाइनमा बस्ने व्यवस्था मिलाउने ।

(घ) क्वारेन्टाइनबाट कोहीकसैलाई पनि भाग्न नदिन एवम् सुरक्षित तरिकाले बस्न वातावरण मिलाउने । क्वारेन्टाइनमा राखिएका व्यक्तिहरुसँग कोहीकसैको पनि भेटघाट नहुने व्यवस्था गर्ने ।

(ङ) क्वारेन्टाइन संचालन तथा व्यवस्थापनको लागि नगरपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

४. क्वारेन्टाइनमा बस्ने व्यक्तिहरुलाई प्रतिव्यक्ति प्रतिदिन खाजा खाना खर्च वापत रु १७८।०० (एक सय अठहत्तर रुपैयाँमात्र) उपलब्ध गराउने । सो बाहेकको अन्य व्यवस्था सम्बन्धित व्यक्तिले नै गर्ने । यसको लागि सम्बन्धित वडा कार्यालयले सम्बन्धित व्यक्तिको घरपरिवारसँग समन्वय र सम्पर्क गरी क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन समिति मार्फत आवश्यक सहजिकरण र सहयोग गर्ने । खाद्यान्न लगायतको दैनिक उपभोग्य वस्तुहरुको अभाव भएमा नगरपालिकाले आपूर्ति व्यवस्थापन समिति मार्फत सहजिकरण गर्ने ।

<u>निर्णय नं. २ :</u> कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि यसअघि विपद् व्यवस्थापन समिति, नगर कार्यापलिका, संघ तथा प्रदेश सरकारबाट भएका निर्णयहरु कडाईपूर्वक कार्यान्वयन

गर्ने तथा गराउने । जिल्ला बाहिरबाट आएका व्यक्तिहरुलाई उच्च निगरानीमा राख्ने । भारत लगायतका देशहरुबाट हालसालै आएका कोही व्यक्तिहरु लुकिछिपि कहिँकतै बसे/नबसेको सम्बन्धमा सम्बन्धित वडा कार्यालय, स्वयंसेवक समूह, सुरक्षा निकायले खोजतलास गर्ने । लुकेर बसेको पाईएमा सम्बन्धित वडा कार्यालयले तत्काल नजिकैको क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने ।

<u>निर्णय नं. ३ :</u> कोभिड -१९ (नोवल कोरोना भाइरस) रोकथाम, नियन्त्रण र उपचारको लागि नगरपालिकाको तर्फबाट संघ, प्रदेश तथा नगरपालिकामा आवश्यक सूचना संप्रेषण, सहयोग र सहजीकरण गर्न बरिष्ठ ल्याव असिस्टेन्ट श्री डण्डप्रसाद शर्मालाई सम्पर्क व्यक्ति (Focal Person) तोक्ने निर्णय गरियो ।

मिति :- २०७७।०२।०६

स्थान :- चौरजहारी नगरपालिका कार्यालय

समय :- बिहान ठीक १२:०० बजे

आज मिति २०७७।०२।०६ गते यस नगरपालिकाका प्रमुख एवम् विपद् व्यवस्थापन समितिका संयोजक बिशाल शर्माज्यूको अध्यक्षतामा बसेको विपद् व्यवस्थापन समितिको बैठकले तपसिलमा उल्लेखित पदाधिकारिहरुको उपस्थितिमा उल्लेखित निर्णय गरियो ।

तपसिल

(क) उपस्थिति

१. नगर प्रमुख श्री बिशाल शर्मा -संयोजक
२. नगर उपप्रमुख श्री राधा रोका -सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत श्री रामबहादुर के.सी.-सदस्य
४. इलाका प्रहरी कार्यालय प्रमुख श्री धर्मसिंह बिष्ट - सदस्य
५. स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख श्री रामकुमार गौतम - सदस्य
६. प्रशासन उपशाखा प्रमुख श्री देबबहादुर बटाला - सदस्य सचिव
७. चौरजहारी अस्पतालका प्रशासन प्रमुख श्री दिलबहादुर गिरी - आमन्त्रित
८. शितल माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री यदु राणा - आमन्त्रित
९. ल्याब टेक्निसियन श्री डण्डप्रसाद शर्मा -आमन्त्रित